मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौँडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

# घटना चितवनमा, तालाबन्दी हेटौंडाको वनविज्ञान संकायमा

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ चितवनको घटनालाई लिएर कृषि तथा वनविज्ञान विश्वविद्यालय, वनविज्ञान संकाय हेटौंडामा विद्यार्थीले तालाबन्दी गरेका छन् ।

वनविज्ञान संकायमा सोमबार नै ताला लगाउन गएका विद्यार्थीलाई क्याम्पासमा अध्ययनरत अन्य विद्यार्थीले ताला लगाउन रोकेका थिए । तर, नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघ (नेविसंघ)ले मंगलबार पुन: वनविज्ञान संकाय पुगेर ताला लगाएको हो । चितवनमा भएको विद्यार्थीमाथिको कुटपिटको घटनासँग कुनै साइनो सम्बन्ध नभएको वनविज्ञान संकाय हेटौंडामा तालाबन्दी भएको हो ।

शैक्षिक संस्थाहरुमा विद्यार्थीको अवाञ्छनीय गतिविधिबारे राष्ट्रियस्तरमै बहस सिर्जना भइरहेका बेला वनविज्ञानमा कुनै सम्बन्ध नै नभएको घटनामा तालाबन्दी भएको हो । जब की, वनविज्ञान संकायमा परीक्षा नजिकिँदै छ । तालाबन्दी गरेर विद्यार्थी संगठनको काम देखाउने शैलीमा विद्यार्थी अघि बढेपछि तालाबन्दीले प्रशय पाइरहेको प्राध्यापकहरु बताउँछन् । प्राध्यापकहरु राजनीतिक दलले विद्यार्थी संगठनलाई तालाबन्दी छोडेर रचनात्मक वा सांकेतिक विरोधको प्रयासमा लान नखोजेको प्रति चिन्तित छन् ।



रामपुर कृषि क्याम्पस, चितवनमा नेपाल विद्यार्थी संघका विद्यार्थीमाथि भएको हमलाको विरोधमा नेविसंघको नेतृत्वमा हेटौंडास्थित क्याम्पसमा तालाबन्दी गरिएको हो । विश्वविद्यालयको केन्द्रीय एवम् सम्पूर्ण आंशिक क्याम्पसहरु, कृषि संकाय र वनविज्ञान संकायमा सम्पूर्ण प्रशासनिक, शैक्षिक र परीक्षाका कामकाज बन्द गर्ने कार्यक्रमअन्तरगत नेपाली विद्यार्थी संघले मंगलबार बिहान हेटौंडास्थित वनविज्ञान संकायमा तालाबन्दी गरेको हो ।

नेपाल विद्यार्थी संघ, कृषि तथा वनविज्ञान विश्वविद्यालय, वनविज्ञान संकाय हेटौंडामा ईकाई समिति सभापति अस्मित घिमिरे, ईकाई निर्वतमान सभापति संकल्प सेढाई, नेविसंघ केन्द्रीय सदस्य मिलन पुडासैनीलगायतको नेतृत्वमा पुगेको टोलीले चितवन कुटपिट घटनामा संलग्नलाई कारबाही तथा विश्वविद्यालयबाट निष्कासन तथा परिचालन गर्नेमाथि पनि कारबाही नभएसम्मका लागि भन्दै तालाबन्दी गरेका हुन् । विश्वविद्यालयका रजिष्ट्रार, कल्याणकारी परिषद् एवम् त्यहाँको पदाधिकारीको नेतृत्वमा परिचालित अनेरास्ववियुका कार्यकर्ताले आफ्ना नेताहरुमाथि कुटपिट गरेको नेविसंघको आरोप छ ।

घटनामा संलग्न व्यक्तिलाई तत्काल खोजी गरी कारवाही गर्न र शान्तिसुरक्षाको प्रत्याभूति दिलाउन दबाब दिने उद्देश्यले देशरभरका वनविज्ञान संकायमा तालाबन्दी गरिएको नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य पुडासैनीले बताए । चितवनको कृषि तथा वनविज्ञान विश्वविद्यालयमा १३ भदौमा दुई विद्यार्थी संगठनबीच झडप हुँदा दीपेश बानियाँ, खेमराज उपाध्याय, सोनाम लामा र हिमाल आचार्य घाइते भएका थिए ।

सोमबार नेविसंघको टोलीलाई अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन अनेरास्ववियु, अखिल क्रान्तिकारीलगायत संगठनका विद्यार्थीले परीक्षाको तालिका सार्वजनिक भइसकेको र केही कक्षा संचालन भइरहेको अवस्थामा तालाबन्दी गररे पठनपाठनमा अवरोध पुऱ्याउन नपाइने भन्दै प्रतिकार गरेका थिए । नेविसंघलाई अन्य विद्यार्थी संगठनले प्रतिकार गर्न खोज्दा झडपको स्थिति सिर्जना भएको थियो । प्रहरीले सामान्य बल प्रयोग गरी घटनालाई नियन्त्रणमा लिएको थियो ।

वनविज्ञान संकायका अन्तिम सेमिस्टरका विद्यार्थी अनिल सुवेदीले यसअघि पनि पटक-पटक विभिन्न कारणले पठनपाठन अवरुद्ध भएर चारवर्षे कोर्ष सकिन पाँच वर्ष लागेको गुनासो गरे । अन्तिम परीक्षाको मुखैमा पुन: तालाबन्दी आफूहरुलाई स्वीकार्य नहुने उनको भनाई थियो । राजनीतिक दलहरुले आफ्नो स्वार्थ पूरा गर्नका लागि विद्यार्थीको अध्ययन गर्न पाउने नैसर्गिक अधिकार हनन् भइरहेको उनीहरुले बताएका छन् ।

# सरकारी अस्पतालको ओपीडी पर्व बिदामा पनि खोल्नुपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ सरकारी अस्पतालले शनिबार बाहेकका धेरैजसो सार्वजनिक बिदामा बहिरंग (ओपीडी) सेवा सञ्चालन गर्नुपर्ने भएको छ ।

मन्त्रालयले मंगलबार एक विज्ञप्ति जारी गर्दै पर्व, जात्रा, दिवश, जन्मजयन्ती जस्ता सार्बजनिक बिदामा ओपीडी सञ्चालन गर्न केन्द्रीय, प्रादेशिक र स्थानीय तहका अस्पताललाई निर्देशन दिएको हो । मन्त्रालयका अनुसार पर्व बिदा अन्तर्गत रामनवमी, चण्डीपूर्णिमा (वैशाख पूर्णिमा), उभौलीपर्व, रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी, घटस्थापना, क्रिसमस डे, धान्यपूर्णिमा, तमु ल्होसार, माघीपर्व, सोनाम ल्होसार, महाशिवरात्री, ग्याल्पो ल्होसार, ईद, बकरईदमा सरकारी अस्पतालमा ओपीडी खोल्नुपर्नेछ ।



जात्रा बिदाअन्तर्गत गाईजात्रा, इन्द्रजात्रा, मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा, घोडेजात्रा रहेका छन् । त्यसैगरी सार्वजनिक दिवश अन्तर्गत गणतन्त्र दिवस, शहीद दिवस, राष्ट्रिय प्रजातन्त्र दिवस, अन्तर्राष्ट्रिय महिला दिवस रहेको छ । जन्मजयन्ती बिदा अन्तर्गत बुद्धजयन्ती, पृथ्वीजयन्तीमा पनि ओपीडी खुला हुनेछन् । तर, नेपाल चिकित्सक संघले सरकारले दिएको निर्देशनप्रति आपत्ति जनाएको छ ।

संघले विज्ञप्ति जारी गरी चिकित्सक तथा स्वास्थ्यकर्मीको शारीरिक तथा मानसिक स्वास्थ्यको बेवास्ता गर्दै सरकारले गरेको निर्णय अव्यवहारिक र अवैज्ञानिक भएको जनाएको छ । निर्णय तुरुन्तै फिर्ता लिन पनि माग गरेको छ । स्वास्थ्यकर्मीलाई आराम गर्नका लागि हप्ताको दुईदिन बिदा दिने अन्तर्राष्ट्रिय प्रचलन रहेको तर, नेपालमा सार्वजानिक बिदाको दिनमा पनि ओपीडी सेवा सञ्चालन गर्ने निर्णय गर्नु अवैज्ञानिक भएको संघको ठहर छ ।

# मकवानपुरका ९ जना इन्स्पेक्टरको सरुवा

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ प्रहरी प्रधान कार्यालय मानवश्रोत विकास विभागले सोमबार गरेको ५८७ प्रहरीनिरीक्षक (इन्स्पेक्टर) को सरुवामा मकवानपुरका ९ प्रहरी निरीक्षकको सरुवा भएको छ ।

वडा प्रहरी कार्यालय सानोपोखरा हेटौंडाका प्रहरीप्रमुख प्रहरीनिरीक्षक दाताराम अधिकारी सहित मकवानपुरका अन्य ८ जना प्रहरी निरीक्षकको सरुवा भएको हो । वडा प्रहरी कार्यालय हेटौंडामा प्रहरीनिरीक्षक प्रज्वल थपलिया आउने भएका छन् । हालका प्रहरीनिरीक्षक दाताराम अधिकारीको जिल्ला प्रहरी कार्यालय दोलखा सरुवा भएको छ ।

त्यसैगरी ईलाका प्रहरी कार्यालय पशुपतिनगरका प्रहरी निरीक्षक दिनेशबहादुर कुँवरको काभ्रे, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीनिरीक्षक ओमप्रकाश पंडितको ताप्लेजुङ, अनुजा जंगम, ईलाका प्रहरी कार्यालय मकवानपुरगढीका प्रहरीनिरीक्षाक सुदन केसी, ईलाका प्रहरी कार्यालय पालुङका श्याम थापामगर, ईलाका प्रहरी कार्यालय फापरबारीका प्रहरीप्रमुख नारायण थापा, इप्रका मनहरीका दीपक थापाको पनि सरुवा भएको छ ।

निकै लामो समयपछि गृह मन्त्रालयले ठुलो संख्यामा प्रहरी निरीक्षकको सरुवा गरेको हो । इप्रका पशुपतिनगरमा विमलाकुमारी कठायत, इप्रका फापरबारीमा सरोज लम्साल, इलाका प्रहरी कार्यालय मकवानपुरगढीमा बीरेन्द्र रायमाझी, इप्रका पालुङमा सविनबाबु अर्याल, मनहरीमा विशाल सापकोटा र जिल्ला प्रहरी कार्यालय मकवानपुरमा रंजन मिश्र र ठाकुरप्रसाद सापकोटा सरुवा भई आउने भएका छन् ।

HetaudaCityCollege.edu.np
ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE (Affiliated to T.U)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# यातायात व्यवसायमा बेथिति

यातायात व्यवसायमा देखिएका चरम बेथिति न्यूनीकरण गर्नका लागि यातायात ब्यवसायीले बारम्बार सरकारको ध्यानाकर्षण गराएका छन् । बिगतमा पनि ब्यवसायीले धेरै पटक सुधार गर्न सरकारसमक्ष माग राखेका थिए । तर, ब्यवसायीको माग सुन्नुपर्ने निकायले सुनेको छैन । सवारी तथा यातायात व्यवस्था ऐन, मुलुकी ऐन आचारसंहिता र बीमानीति एकअर्कासँग समन्वयन हुनेगरी तर्जुमा हुनुपर्ने माग गरिएको छ । हाल कार्यान्वयनमा रहेको यातायात व्यवस्थापन कार्यविधि निर्देशिका २०६० संसोधन २०७४ अव्यवहारिक रहेको भन्दै संशोधन गर्न जरुरी रहेको ब्यवसायीले बताएका छन् । राज्यले सार्वजनिक यातायात क्षेत्रमा दर्ता नवीकरण बाहेक कुनैपनि व्यवस्थापकीय कार्य नगरेको र सरकारको नीति स्पष्ट नहुँदा लामो समयदेखि व्यवस्थापकीय पक्षमा योगदान पुर्‍याएका यातायात पेशा नै संकटमा परेको बताइएको छ ।

कुनै संघसंस्था, समिति, कम्पनी खोजी हिड्नु पर्ने भन्दै यसको सही र यथार्थ विश्लेषण गर्नुपर्ने ब्यवसायीको माग छ । यातायात ब्यवसायीले यातायात क्षेत्रका संघसंस्थाको दर्ता तथा नवीकरण खुलाउनु पर्ने विद्यमान अवस्थामा सवारी दुर्घटना पश्चात व्यहोर्नु पर्ने क्षतिपूर्ति तथा औषधिउपचारलगायतको उच्चजोखिमको वहन कानुनी एवम् सामाजिकरुपमा गर्नुपर्ने हुनाले संस्था दर्ता ऐन २०३४ अन्तर्गतका संघसंस्थालाई निरन्तरता दिनुपर्ने माग ब्यवसायीले गरेका छन् । साविकको संघसंस्थालाई कम्पनीमा रुपान्तरण स्थिर सम्पत्ती सहित गर्न असहज परिस्थिति रहेकोले गर्दा पनि संघसंस्थालाई नै निरन्तरता दिन उत्तम रहेको ब्यबसायीको भनाई छ । सार्वजनिक सवारीको दायरामा भाडाका सम्पूर्ण सवारीसाधनलाई अटाउनुपर्ने, यात्रुवाहक, मालवाहक, पेट्रोलियम ढुवानीलगायतका भाडाका साधनलाई सार्वजनिक सवारीसाधनको रुपमा परिभाषित गरी एकरुपता कायम गर्नुपर्ने र परिभाषाको दायरा फराकिलो बनाउनुपर्ने माग गरेका छन् । ब्यवसायीले देशको संघीय प्रणालीलाई मध्यनजर गरी अधिकार सम्पन्न यातायात निर्देशनालय वा यातायात प्राधिकरण केन्द्रीयस्तरमा व्यवस्था हुनुपर्ने भन्दै अन्य प्राधिकरण जस्तै यातायात प्राधिकरण बन्नुपर्ने माग गरेका हुन् । यातायातका साधनतर्फको विद्यमान करप्रणाली अव्यवहारिक रहेकोले वैज्ञानिक कर प्रणाली लागु गर्नुपर्ने र सातै प्रदेशमा एकरुपता हुनुपर्ने र जरिवाना, बिलम्ब शुल्कमा तजबिजि अधिकार हटाउनु पर्ने ब्यवसायीको माग छ । सडक दुर्घटनापश्चात दुर्घटनाको दायित्व सवारीधनीले व्यहोर्नुपर्ने हुनाले समयानुकूल बीमारकम कायम गरी आवधिक रुपमा मोटर बीमा निर्देशिका संशोधन हुने कानुनी व्यवस्था हुनुपर्ने र बीमांक रकम वृद्धि गरी दायरा बढाउनु पर्ने ब्यवसायीको माग छ । सवारी दुर्घटनाबाट अङ्गभङ्ग तथा स्पाइनल कड भएका घाइते बिरामीको हकमा अङ्गभङ्गको प्रकृति हेरी दीर्घकालीन स्याहारसुसारलाई ध्यानमा राखी क्षतीपूर्ति रकम बढाउनु पर्ने सोको बहन बीमाले गर्नुपर्ने र अङ्गभङ्ग भएकालाई संयुक्त रुपमा छुट्टै कोष स्थापना गर्न ब्यबसायीले माग गरेका छन् । यातायात ब्यवसायीले सबै दुर्घटना चालककै लापरवाहीबाट मात्र नहुने हुँदा दुर्घटनाको कारण यकिन गरी गल्तीको आधारमा (साना ठुला सवारी) चालक दोषी हो वा होइन ? छुट्याउनुपर्ने साथै सवारी दुर्घटनालाई छिटो छरितो तरिकाबाट न्याय दिलाउनका निमित्त छुट्टै सरकारी संयन्त्र बन्नुपर्ने जसमा यातायात व्यवसायी र यातायात मजदुरको पनि प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ ।

दुर्घटनाको प्रकृति अनुसार दण्ड, न्याय, फैसलाको सुनिश्चितता हुनुपर्ने ब्यवसायीको माग छ । कुनैपनि सवारीसाधन आयात र व्यक्ति कम्पनीले खरिद गर्दा सोको अभिलेख सरकारी कार्यालयमा दर्ता भई सोही अनुसार सवारी दर्ता किताब (ब्ल्युबुक) मा हुने भएकोले सोही कार्यालयमा अर्को अभिलेखका रुपमा खडा गरिएको पञ्जिकरण आवश्यक नरहेकोले खारेज हुनुपर्ने, सवारीसाधन अभिलेख व्यवस्थित अनलाइन प्रविधिमा आधारित हुनुपर्ने ब्यवसायीको माग हो । संघीय संरचनामा मुलुक गईसकेको हुँदा अञ्चलीकरण नम्बरमा रहेका सवारी साधनलाई स्वत:खारेज हुने गरी नि:शुल्क प्रदेश नम्बर दिनुपर्ने र सवारीधनीको ठेगाना अनुसार सम्बन्धित प्रदेशमा सवारी स्थानान्तरण हुनुपर्ने माग छ । यातायात ब्यवसायीले जुन सडक प्रयोग गर्ने हो, प्रयोग गरेकै अवस्थामा शुल्क तिरी प्रयोग गर्ने सडक ईजाजत (रुट परमिट) व्यवस्था मिलाउनु पर्ने, अन्यथा इजाजतपत्रमा सुरु र अन्तिम गन्तब्य खुलेको हकमा जुन सडक प्रयोग गरे पनि पाउने गरी सडक इजाजतको व्यवस्था हुनुपर्नुका साथै वार्षिक सडक ईजाजत व्यवस्था हुनुपर्ने माग छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र २० गते बिहीबार ५ सेप्टेम्बर २०२४ । द्वितीया, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४५, सूर्यास्त ६:१८ । तीजको दर खाने

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यवसायबाट लाभ पाइने | तुला | : कुरा काट्नेहरु सक्रिय हुने |
| वृष | : जिम्मेवारी पूरा गर्न सकिने | वृश्चिक | : नया् काम हात पर्ने |
| मिथुन | : गलत विचार बढ्ने | धनु | : कार्यान्तरण हुन सक्ने |
| कर्कट | : काममा अबरोध आउने | मकर | : शुभ समाचार सुन्न पाइने |
| सिंह | : अधुरा काम पूरा हुने | कुम्भ | : अनावश्यक खर्च बढ्ने |
| कन्या | : घरेलु समस्याले सताउने | मीन | : भोजको अवसर मिल्ने |

# प्रजातन्त्र कि पर जा तन्त्र



✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

मोनोरेल, मेट्रोरेल, पानीजहाज के-के मात्रै सपना देखाएको छैन र ? मल कारखानाको सपना देखाएको तीन दशक भइसकेको छ । नागरिकलाई जोगी बनाइसकेको हाम्रोजस्तो लोकतन्त्र अन्यत्र कतै छैन । बर्सेनि आठ लाखसम्म मान्छे निर्यात गर्न सक्ने र इन्धन खूब आयात गर्न सक्ने लोकतन्त्रले बिजुली निर्यात गरेको भन्दै नाफाको डेटा पनि देखाएको छ । यहाँको बिजुलीको भाउभन्दा सस्तोमा बिक्री गरेको छ लोकतन्त्रले ।

हिजोआज सबैतिर लोकतन्त्र वा प्रजातन्त्र बाँदरको हातको लड्डु भएको छ । सार्क राष्ट्रहरुमध्ये नेपालमा त प्रजातन्त्रका नाममा लुटतन्त्रै छ । बंगलादेशकी शेख हसिना सिट छोडेर भागिन्, धेरै समय तिनले प्रजातन्त्रका नाममा आफ्नालाई पोसिन् भन्ने आरोप छ । यसअघि भाग्नेमा परेका थिए श्रीलंकेली सत्तासीनहरु । भाइ, भतिजा, नातागोतालाई भरपोषण गर्न आएको हाम्रो लोकतन्त्रलाई हाम्रा राजनीतिक कार्यकर्ताहरुले निजी पेवाका रुपमा लिएका छन् ।

नेपालीहरु बालकोट, बूढानीलकण्ठ वा खुमल्टारमा विरोध होइन, ती खाडीमा जान खोज्छन्, गएका छन् । कारण हामीकहाँ नागरिक चेतना छैन । बंगलादेशमा आरक्षणले सत्तालाई धूलो चटाइराख्दा हाम्राहरु समावेशी र आरक्षणकै नाममा सत्तासीन छन् र तिनैले ढाकामा फोन गरी नेपालीहरु सुरक्षित हुनुपर्छ भनेका छन् ।

बंगलादेशमा त्यो सिट आज मात्रै धरापमा परेको होइन, पटक-पटक परेको हो, तथापि हसिना र उनको दलले मोनोपोली ढंगले सत्ताको स्वाद लिइरह्यो । ढाकालगायत बंगलादेशमा रहेका हाम्रो नेपाली विद्यार्थीहरु सकी नसकी एक महिनाअघि नै फर्केका छन् । एक मित्रकी छोरी जो त्यहाँ पढ्न गएकी थिइन्, अकस्मात् नै भागेर २ दिन लगाई काठमाडौँ आइन् । पंक्तिकारले खर्चबर्च कसरी मिलायौ आउँदा ? भन्ने प्रश्नमा तिनले भनेकी थिइन्, 'हजुर साथीहरुले हालिदिए, मसँग त पैसो थिएन । त्यस्तो होला र ज्यानकै जोखिम होला भन्ने सोचिएको पनि थिएन ।'

बंगलादेशमा सयौँ हताहत भएका र धेरै ठाउँमा आगजनी, तोडफोड भएको थियो । जनसमूहको भीडले प्रधानमन्त्रीको सरकारी निवासमै आक्रमण गर्‍यो । कति सामान लुटपाट भएको खबर पनि बाहिर आएको छ । अब सेनाले अन्तरिम सरकार बनाउने कुरो गरेको छ । हेलिकोप्टरबाट भारतमा शरण लिनुपूर्व शेख हसिनाले पदबाट राजीनामा दिइन् भनिएको छ । तुलनात्मकरुपमा श्रीलंका र बंगलादेश औद्योगिक क्षेत्रमा हामीभन्दा धेरै अगाडि छन् । बंगलादेशमा जीडीपीमा उद्योगको हिस्सा २५ प्रतिशत माथि छ, त्यहाँको तयारी पोशाकले निर्यातको काम पनि गरेको छ, जीवनस्तर पनि माथि नै छ । हाम्रो जस्तो साह्रै छि: भन्ने अवस्था त्यहाँ छैन । उद्योग, औद्योगिक प्रवर्द्धन हुँदा आर्थिक स्तर माथि नै हुन्छ र रोजगारीमा खासै धेरै समस्या छैन त्यहाँ, जति हामीकहाँ छ । हामीले श्रीलंकाबाट पाठ सिक्नुपर्छ भनिरहँदा हाम्रो सत्ताले श्रीलंकाको अवस्था हाम्रो होइन भनेको थियो । अब फेरि भन्नेछ उसले बंगलादेशको अवस्था यहाँ हुन्न भनेर । हाम्रो सत्ता विश्वस्त केमा छ भने- बोल्न सक्नेहरुलाई हामीले पर पठाइसकेका छौँ, कोही युरोप-अमेरिका पनि पुगे, खाडीमा त धेरै पुगे । त्यसैले पर-पर जा भनिसकेको अवस्थामा हामी निर्धक्क भएर सत्ताको चास्नीमा रमाउन सक्षम छौँ भनिरहेका छन् । विदेशिएकाले पठाएको विप्रेषणबाट हाम्रो 'पर जा तन्त्र' बाँचेको छ, धुकधुकी विदेशी सहयोग र ऋणमा छ, अनि व्यापार घाटामा पनि डर छैन र सत्तालाई बाँडिचुँडी श्री ३ हरुले साटासाट गर्दा कसैलाई चासो छैन ।

किनकि संविधान बनाएको आफैँले हो र यसलाई सही प्रयोग नगर्दा पनि केही हुन्न । त्यसको पछिल्लो ज्वलन्त उदाहरण संविधानले नचिन्ने नेसनल भनिएको आईडी कार्ड बनाउन नेपालीहरु पाँच दिनसम्म स्थानीय तहमा सुतेर बसेका छन्, सिन्दुर पुछेर, चुरा फुटाएर, दौरा-सुरुवाल फिकेर, निधारको टीका पुछेर, यति सहनशील नेपालीहरु भएपछि लोकतन्त्रका हिमायतीहरुलाई साह्रै सजिलो भएको छ । निर्धक्क उनीहरु बालेनहरुलाई तर्साइरहन्छन् । कुलमानहरुलाई आच्छु-आच्छु पार्छन् । सञ्चालक समितिमा नोट अफ डिसेन्ट लेख्नेलाई सात्तो खाइदिन्छन् र बैठक छ भनी निम्तो दिएर पदबाट अपदस्थ गरिएको पत्र भिडाउँछन् । सकी नसकी ऋणको भारमा भ्यूटावर ठडिन्छ र विदेशी ऋणदाताहरु ओइरो नै लाग्छन्, कुनै दिन वा साताको खबर हुन्न जुन दिन विदेशी ऋण सम्झौता भएको नहोस् । अब त शायद नजन्मदै ८५ हजारको ऋण बोक्न सक्ने भइसके नेपालीहरु ।

औद्योगिक क्षेत्रहरुमा ताला लागेका छन् र दलको पार्टी प्यालेस बनेका छन् धेरैतिर । युवाहरु विदेशबाट फर्किए भने हामीलाई शिक्षामा अधिक खर्च गराउने र स्वदेशमा टिक्न नदिने नेतृत्वलाई खोजेर झुन्ड्याउनुपर्छ भन्छन् होला । देशमा गरिखाने वातावरण छैन । व्यवसाय गर्ने वातावरण छैन । गएको १ वर्षमा मात्रै युवा बेचिएको रकम १४ खर्ब रहेछ, विप्रेषण मात्रै । हाम्रो 'पर जा तन्त्र'ले युवा यहाँ राखेन र वृद्धहरुलाई घर बसी खाऊ भन्दै दिएको सामाजिक सुरक्षा खर्चमा अंकुश लगाएको छ । आईडी बनाउनै जान सकेका छैनन्, कोही बिरामी छन्, असहाय छन्, लगिदिने मान्छे छैन र एकपल्ट गएर हुन्न ।

नेपालमा दलभक्ति छ, देशभक्ति छैन । आफ्ना मान्छे हाल्नका लागि कुलमानको पृष्ठभूमि तयार भइसकेको छ । धरहरामुनि फ्रीमा पार्किङ हुन्न भनिएको छ र वाक्युद्ध मात्रै होइन आफ्ना परेनन् भने कुइनो युद्ध पनि जारी छ । वृद्धहरुले खाएको भत्ता बोझ मानिदै छ र तिनले लिन नसकून भन्दै आईडीको बहना तेर्स्याइएको छ, पेन्सनधारीलाई पनि निसेनि र संविधानले नचिनेको आईडीको नाममा आतंक गराईंदै छ । उद्योगमा राजनीति, व्यापारमा राजनीति, शिक्षामा राजनीति, धर्ममा राजनीति, स्वास्थ्यमा राजनीति, ठेक्कापट्टामा राजनीति, सबैतिर राजनीति घुसेको छ ।

पूर्वाधार, सडक, पुललगायतका पूर्वाधारहरु कहिल्यै समयमा पूरा भएका छैनन् । म्याद थप भइरहने, भौतिक प्रगति नहुने, हल्का वित्तीय प्रगति देखाइने, नारायणघाट-बुटवलको सडक भत्काएर राखिरहनुपर्ने मात्रै होइन फास्ट ट्र्याकदेखि सुरुङमार्ग, मध्यपहाडीदेखि हुलाकी मार्ग वा मेलम्चीको योजना दशकौँसम्म अधुरो राखेर आफ्ना चाटुकदारहरुको भुँडी भराइरहने 'पर जा तन्त्र' चलिरहेको छ हामीकहाँ । हाम्रो पूर्वाधार डोजरे, असारे, र विकास केवल माटो छोप्ने गराएर बिल भुक्तानीका लागि अब्बल छ । बाटै नभएका ठाउँमा पुल बनेको देखाइने र पुल नभएका ठाउँमा बाटो देखाइने लोकतन्त्रले ग्यास पाइप लाइन, पूर्व-पश्चिम विद्युतीय रेलमार्ग, मोनोरेल, मेट्रोरेल, पानीजहाज के-के मात्रै सपना देखाएको छैन र ? मल कारखानाको सपना देखाएको तीन दशक भइसकेको छ ।

नागरिकलाई जोगी बनाइसकेको हाम्रोजस्तो लोकतन्त्र अन्यत्र कतै छैन । बर्सेनि आठ लाखसम्म मान्छे निर्यात गर्न सक्ने र इन्धन खूब आयात गर्न सक्ने लोकतन्त्रले बिजुली निर्यात गरेको भन्दै नाफाको डेटा पनि देखाएको छ । यहाँको बिजुलीको भाउभन्दा सस्तोमा बिक्री गरेको छ लोकतन्त्रले । अब बंगलादेशमा हावाहुरी आएकाले यसै महिनामा हुने भनिएको बिजुली बेच्ने सम्झौता भने गर्न सकेको अवस्था छैन । देशको अर्थचक्र उल्टोमा छ, तमाम सूचकहरु नकारात्मक छन्, ब्याज नै नदिएर पैसा थुपार्ने हाम्रा बैंकहरु मात्र नाफामा छन् । पौने आठ खर्ब लगानीयोग्य रकम बैंकमा थुप्रँदा एसएलसी आसपासका अर्थमन्त्रीले यसलाई चलायमान गर्न सक्दैनन् । सहुलियत कर्जाको ब्याज अनुदान १२ अर्ब भुक्तानी भएको छैन भनिदै छ ।

बैंकहरुले लगानी नै गरेका छैनन् । विदेशी पैसा पठाउनेलाई विनाधितो ऋण उपलब्ध हुने मौद्रिक नीति ल्याउने राष्ट्र बैंक छ । हामीसँग रोजगारी कतै छैन । शिक्षा, स्वास्थ्य चरम महँगो भएको छ । बजार सर्वसाधारणले धान्न नसक्ने भएको छ । तमाम वस्तुहरु आयात गरेर भन्सार राजस्वबाट ढुकुटी भर्ने हाम्रो लोकतन्त्र छ ।

भान्छामा भ्याट लगाइदिन्छ र बस हरायो भने विदेशी गुहार्ने भएको छ खोज्नलाई । र, भन्छ- देश अग्रगमनमा छ । सुशासन पनि छ भनिएको छ र गृह प्रशासन हाँक्ने मात्रै होइन निजामती प्रशासनको माउ नै अख्तियारको फन्दामा छ, काण्डै काण्डहरुले मुछिएको देशमा राम्रो सुशासन पनि छ भन्छ हाम्रो लोकतन्त्र । लोकतन्त्र केवल केही सीमित दलहरुलाई छ, आफन्तलाई छ र आमजनता पूरै निराश छन् । ती त धोती न टोपी भइसकेका छन् । गाउँघर रित्तो छ । बस्ती बाँझो छ । अन्न उत्पादन छैन । भएका वस्तुभाउ रोगले मरे, किसानले बिमाको अनुदान पाएका छैनन् । अस्पातालहरुले बिमाको रकम पाएका छैनन् । ठेकेदारहरुले पनि अर्बौंअर्ब भुक्तानी नपाएको गुनासो छ । उखु, दूध किसानहरु काठमाडौँ नआई नहुने संघीयता छ देशमा । गाउँतिर गएको सिंहदरबार सिंहको नङ्गाले आमजनतालाई चिथोर्दै छ । उत्पादनमूलक काम नपाएर अब शहरियाहरु पनि मन्दिर-मन्दिर धाई जीवन बिताउँदै छन् । काम नै छैन । बाँधेको भैंसीले बाघ मारेको खबर दिने हाम्रो संयन्त्रलाई के भन्ने त अब ?

बंगलादेशकी प्रधानमन्त्री पनि चुनावबाट आएकी हुन् । धेरै लामो समय तिनले सत्ता लिइन् र पनि उनलाई तानाशाहको संज्ञा दिइएको छ । आरक्षणको कोटा आफ्नै दलका लागि प्रयोग भएको भनिएको छ । असन्तोषको ज्वाला ओकलिएको अवस्था छ अहिले र सिट छोडेर भाग्नुपरेको अवस्था छ । हाम्रा नोपालीहरु असह्य पीडामा छन्, दर्दमा छन्, अत्यासमा छन् ।

करको भारी बोकी नसक्नु भएको छ । सेवाग्राहीले सेवा पाइरहेका छैनन्, सेवाशुल्क ज्यादै महँगो छ । निजी क्षेत्रको भन्दा बढी सेवाशुल्क तिर्नुपरेको र समयमा कुनै काम नभएको अवस्था छ । लोकतन्त्रका संयन्त्रहरुमा सुशासनको चरम अभाव छ । बेरुजुको गतिबाट पनि स्पष्ट हुन्छ । नेसनल भनिएको जबर्जस्त लादिएको आईडीका लागि पनि पंक्तिकारले स्थानीय तहको वडा कार्यालयमा बिचौलियालाई फाराम भर्न पैसा मागेकाले दिनुपरेको अवस्था छ । त्यसैले यहाँको प्रजातन्त्रलाई 'पर जा तन्त्र' भन्नुपरेको हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# मौलिक तिजबाटै बुलन्द गरौँ महिलाका आवाज र अधिकार



✍ अमृता नेपाल



विशेषत: नेपाली हिन्दु महिलाले मनाउने हरितालिका तिज नजिकिँदै छ । यतिखेर सहर-बजारका होटल, रेस्टुराँ, पार्टी प्यालेस र ता पहिरनले सजिएका महिला दिदी-बहिनीको जमघट र भेलाले भरिभराउ हुन थालेका छन् । विभिन्न समूह, संघ-संस्था, पार्टीसँगै सरकार र साथीभाइहरूको समेत आयोजनामा यस्ता कार्यक्रम हुने गरेको पाइन्छ । यससँगै खर्चिलो, तडकभडक उत्ताउलो र छाडापन पनि त्यत्तिकै मात्रामा देखिन्छ । तिजगीतका नाममा छाडा अनि एकै परिवारले सँगै बसी सुन्न नसकिने खालका गीत प्रशस्तै सार्वजनिक भइरहेका छन् । सामाजिक सञ्जालमा दरखाने नाममा मध्यपान सेवन गरी लाएका साडी टाउकोमा पुग्ने गरी नाचेका भिडियो देख्न सकिन्छ ।

तिज एक पर्व हो, यसको महत्त्व आफ्नै ठाउँमा छ । धार्मिक, सामाजिक संस्कृति महत्त्व बोकेको तिज पर्वलाई समृद्ध परिमार्जित र परिष्कृत गर्दै छौँ वा विकृति पूर्ण बनाउँदै छौँ ? यसबारे विचार गर्नुपर्ने अवस्था सिर्जना भएको छ । कार्यक्रममै पिच्छे सारी र गहना फेर्दै जमघट हुनुले महिलालाई के सन्देश दिन्छ ? के सिकाउँछ ? कता जाँदै छौँ ? यो विकृतिको कुनै एक रूप त होइन ? अनि सामान्य महिलाको दिमागमा यस्ता खाले क्रियाकलापले कस्तो असर गर्ला ? हामीले कस्तो समाजको कल्पना गरेका हौँ र के निर्माण गर्न खोज्दै छौँ ?

अहिले पनि बिहान-बेलुका छाक कसरी टारुँ भन्ने अवस्थाका महिला दिदी-बहिनी छन् । सक्षम नागरिक बनाउन सकेका छैनौँ । रातो साडीमा सजिनेबित्तिकै अधिकार सम्पन्न भएको भन्ने बुझ्न सकिँदैन । सबै महिला आत्मनिर्भर हुन सकेका छैनन्, घरेलु हिंसाबाट दिनानु दिन पीडित बनिरहेका छन् । राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि महिलाले अहिले पनि सशक्त आवाज उठाउन आवश्यक छ ।

आफूलाई सचेत सक्षम र बौद्धिक जगत् सोच्ने समुदायले नै तिजको धज्जी उडाइरहेका छन्, दर खाने र तिज मनाउने भन्दै महिनौँ यस्ता कार्यक्रम गर्नुले राम्रो सन्देश समाजलाई छाड्न सकेको छैन । जुन दिन तिज पर्व हो, त्यस दिनै मनाउँदा यसको महत्त्व पुष्टि हुन्छ । अर्थ र सन्देशविहीन पर्व मनाइले समाजलाई कुनै सन्देश दिँदैन । यसले घर-परिवार, समाजलाई सहज होइन, विकृत बनाउँदै लगेको छ ।

हिजो न महिला स्वतन्त्र थिए, न त कुनै अधिकार थियोह न बोल्न सक्थे, न त बोल्नका लागि आजजस्तो कानुनी अधिकार नै थियो । महिलाहरू हिजो दोस्रो दर्जाको नागरिकका रूपमा रही अन्याय र अत्याचारको सिकार बनिरहेका थिए । त्यो समयमा हिन्दु धर्म-संस्कृति अपनाउने नेपाली महिलाले तिज पर्व मनाउन पाउनु नै गर्वको विषय थियो । तिजमा विवाहिताहरुले माइती घर गई दु:खसुख साट्न गीत गाउने र मिठो-मसिनो खाने परम्परा थियो ।

सामाजिक रूपमा यस पर्वको महत्त्व धेरै छ । योसँग धार्मिक आस्था, अनुष्ठान र कथा पनि जोडिएका छन् । कथा अनुसार, हिमालयले आफ्नी छोरी पार्वती विष्णुलाई दिने वचन दिए । पार्वतीलाई त्यो कुरा मन परेन र उनले घरबाट भागी कठोर निराहार तपस्या गरिन् । त्यसपछि उनको विवाह शिवसँग हुन पुग्यो । यसै आधारमा हरितालिका तिज मनाउँदै आएको पाइन्छ । जुन बेला यसको सुरुवात भयो, त्यति बेला न यातायातको सुविधा थियो, न त आजजस्तो सञ्चार क्षेत्र र इन्टरनेट तथा प्रविधिको विकास भएको थियो । त्यतिबेला तिज पर्व माइती र चेली जोड्ने पुल जस्तै थियो । पर रहेकी चेलीलाई लिन जाने चलन थियो । चेलीले गीत मार्फत आफ्ना दु:खपीडा व्यक्त गर्थे ।

अहिले प्रविधिको विकासले विश्व नै एउटा सानो गाउँजस्तो बनेको छ । संसारभरिका खबर सेकेन्डमा सबैले थाहा पाउन सकिन्छ । विज्ञानले धेरै कुराको विकास गरिसकेको छ । पहिला महिनौँ हिँडेर दिदी-बहिनी लिन जानुपर्ने अवस्था छैन । एक कल फोनका भरमा सबै जम्मा भेला हुन सक्ने बेला छ । मिठो खान र राम्रो लगाउन चाडपर्व नै कुर्नुपर्ने छैन । यातायातको सुविधा छ । समय परिवर्तन भएको छ ।

यति बेला श्रीमानको दीर्घायुका लागि बसिने व्रतमा पनि वैज्ञानिक आधारमा प्रश्न उठ्न थालेका छन् । निराहार व्रतले न श्रीमानको दीर्घायु हुन्छ, न कल्पना गरिएको शिवजस्तो पति पाउन सकिन्छ । यो त हिन्दु पितृसत्ता सोचबाट निर्माण गरिएको महिलालाई बाँध्ने एउटा अस्त्र मात्र हो । कतिपयले यस पर्वलाई प्रेमको प्रतीकको दिन पनि भन्ने गर्छन् । पौराणिक कथालाई हेर्दा प्रेम पनि एकलजस्तो नै देखिन्छ । किनभने शिव पति पाउनका लागि संघर्ष पार्वतीले मात्र गरेकी छिन् । शिव त्यस कठोर तपस्यामा सहभागी छैनन् । पुरुषका लागि महिलाले मात्र सबै कार्य गर्नुपर्ने, अनि महिलाका लागि पुरुषले केही गर्नुनपर्ने वा नहुनेजस्ता अर्थ दिन खोजेको छ यस कथाले । जन्म र मृत्यु विज्ञानको नियम हो । यसको निराहार व्रतसँग कुनै सम्बन्ध छैन ।

समय फेरिएको छ । हिजो दोस्रो दर्जाका रूपमा हेरिने महिला आज यो समाजको नेतृत्व गरिरहेका छन् । नेपालको संविधानले लिंगका आधारमा गरिने विभेदको अन्त्य गरेको छ । सबै नेपाली महिला सक्षम, योग्य, आत्मनिर्भर स्वतन्त्र बन्नुपर्छ भन्ने मर्म संविधानले बोकेको छ ३३ प्रतिशत महिलाको प्रतिनिधित्व ग्यारेन्टी गरेको छ । संविधानले बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक रूपमा अधिकार प्रत्यायोजन गरेको छ ।

यो तिज पर्वलाई आफ्नो मौलिकता अनुसार मनाई पारिवारिक तथा सामाजिक सद्भाव कायम रहनेजस्ता कुरा पनि स्थापित गर्न आवश्यक छ । यस पर्वमा पाइने सकारात्मक कुरालाई समाजमा स्थापित गराउँदै लैजाने र विकृति वा नकारात्मक पक्षलाई विस्थापित गर्दै जानु आजको नेपाली समाजको आवश्यकता बनेको छ ।

जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वको विषय उठिरहेको छ । तीन तहको सरकारको संरचना छ । आफूलाई बौद्धिक ठान्ने महिलाले अब तिज विशेष र दरविशेष भन्दै भेला हुनुभन्दा पनि महिलालाई संविधानको मर्म अनुसार आत्मनिर्भर बनाउने योजनासहित भेला होऊँ । पर्वका नाममा रेस्टुराँ, होटल र पार्टी प्यालेसमा खर्च गर्नुभन्दा त्यो खर्च सीपमूलक कार्यमा लगानी गरौँ । एक महिला सीप सिकेर सक्षम र आत्मनिर्भर भइन् भने टोललाई आत्मनिर्भर बनाउन सक्छिन् । एक टोल आत्मनिर्भर भयो भने समाज र राष्ट्र नै आत्मनिर्भर हुन सक्छ । त्यसैले सुन्दर र सभ्य समाजको परिकल्पना पूरा गर्न तिज पर्वलाई सरल वैज्ञानिक, सन्देशमूलक बनाउन जोड गरौँ ।

विभिन्न समूह, संघ-संस्था सरकारले पनि तिजको कार्यक्रम तिजकै दिन गरौँ । तिजको दिन भेला हुने ठाउँमा महिलालाई सन्देशमूलक र सचेतनामूलक कार्य गरौँ । तिजका नाममा हुने विकृतिको अन्त्य गरौँ । तिजलाई परिमार्जित, परिष्कृत बनाउँ, समृद्ध सुन्दर समाजको निर्माण गरौँ ।

*(साभार: रातोपाटी)*

# एमालेले ल्यायो ०८४ मा पहिलो पार्टी बन्ने रोडम्याप



काठमाडौं/आगामी चुनावपछि एकल बहुमतको सरकार बनाउने लक्ष्य लिएर दुई चरणको अभियान सकेको नेकपा एमालेले तेस्रो चरणको कार्यक्रममाथि छलफल थालेको छ । केन्द्रीय कार्यालय र सचिवालयबाट पारित भएर तेस्रो चरणको प्रस्तावित कार्यक्रम पोलिटब्यूरोमा पुगेको छ । महासचिव शंकर पोखरेलले मंगलबार केन्द्रीय मूख्यालय च्यासलमा सुरु भएको पोलिटब्यूरो बैठकमा ३३ पृष्ठ लामो वार्षिक कार्ययोजना प्रस्तुत गरेका छन् ।

'निर्णायक राष्ट्रिय शक्ति निर्माण: वार्षिक कार्ययोजना' शीर्षकको उक्त प्रस्ताव 'मिसन ग्रासरुट' र 'मध्य पहाडी संकल्प यात्रा'को अनुभवका आधारमा ल्याइएको उल्लेख गरिएको छ । अब ल्याइने पार्टी कार्यक्रमको उद्देश्य आगामी चुनाव ०८४ बाट एमालेलाई पहिलो र बलियो शक्ति बनाउनु रहेको प्रस्तावमा भनिएको छ । बुधबार पनि चल्ने पोलिट्ब्यूरो बैठकमा मंगलबार प्रस्तावित कार्यक्रमलाई बुँदागत र विषयगत रुपमा समेटिएको छ ।

**१० लाख सदस्यता**

आगामी वर्ष २०८२ भित्रै दश लाख पार्टी सदस्य बनाउने लक्ष्य पहिलो प्रस्तावमा छ । दशौं राष्ट्रिय महाधिवेशनपछि जोड दिएर सञ्चालन भइरहेको सदस्यता नवीकरण र नयाँ वितरण अभियानलाई दश लाख बनाउने लक्ष्य लिइएको छ । वडामा कुल मतदाताको ३ प्रतिशत र पालिका तथा जिल्लामा कुल मतदाताको ६ प्रतिशत पार्टी सदस्य बनाउँदा १० लाखको योजना पूरा हुने एमालेको योजना छ ।

तर त्यसरी सदस्यता वितरण गरिरहँदा ३३ प्रतिशत महिलाको लक्ष्य पूरा गर्नेदेखि नयाँ सदस्यलाई पार्टीको विचारबाट प्रशिक्षित गरिने कार्यक्रम पनि समावेश गरिएको छ ।

**नियमित अधिवेशन**

पार्टी बलियो बनाउन पारदर्शी विधिबाट नियमित अधिवेशनमा जोड दिइनुपर्ने प्रस्ताव गरिएको छ । गत वर्षभर ११ वटा बाहेक सबै जिल्लाका अधिवेशन गरेको एमालेले अब गरिने अधिवेशनहरुबारे व्यवस्थित कार्यविधि प्रस्ताव गरेको छ । नियमित अधिवेशन गर्दा सकेसम्म सर्वसहमत र नभए निष्पक्ष निर्वाचनबाट नेतृत्व चयन गर्न जोड दिइएको छ ।

**भूमिकाविहीनलाई जिम्मेवारी**

नियमित अधिवेशन गर्दा नेतृत्वबाट बाहिरिनेहरुलाई आवश्यक जिम्मेवारीको प्रबन्ध गर्नुपर्ने अर्को प्रस्ताव छ । 'अधिवेशनबाट बाहिरिएका, विदा भएका र अन्य पार्टीबाट आएकाहरु व्यवस्थापनका सन्दर्भमा देखिने गरेको उदासिनताले एकप्रकारको अन्यौल छ', प्रस्तावमा भनिएको छ, 'निर्णायक राष्ट्रिय शक्ति निर्माणको संकल्प पूरा गर्नका लागि राजनीतिक ध्रुबीकरणलाई अभियानका रुपमा अघि बढाउन प्रवेश गर्नेहरुको व्यवस्थापनमा जोड दिनुपर्छ ।' पोलिटब्यूरोमा पेश भएको प्रस्तावमा भूमिकाविहीनहरुलाई जिम्मेवारी दिनेबारे बुँदागत सुझावहरु उल्लेख गरिएको छ ।

**पदाधिकारीको पनि मूल्याकंन**

महासचिव पोखरेलले पार्टी कामको मूल्याकंनलाई नियमित र व्यवस्थित गरिनुपर्ने प्रस्ताव गरेका छन् । नेताहरु र संगठनको मूल्यांकनले मात्र उद्देश्य पूरा गर्न सक्ने पार्टी बन्ने तर्क गरिएको छ । जसका लागि हरेक कमिटीका नेताहरुको मूल्याकंन माथिल्लो कमिटीबाट गरिनुपर्ने प्रस्ताव छ । त्यसरी मूल्यांकन गर्दा केन्द्रीय पदाधिकारीको समेत मूल्याकंन हुने उल्लेख छ ।

'केन्द्रीय कमिटीको हकमा केन्द्रीय सदस्यको कामको मूल्याकंन महासचिवले गर्ने र पार्टी अध्यक्षलाई बुझाउने । केन्द्रीय पदाधिकारीको कामको मूल्याकंन पार्टी अध्यक्षले गर्ने विधिलाई स्थापित गर्ने', प्रस्तावमा भनिएको छ ।

**संस्थागत निर्णय**

विधिसम्मत रुपमा पार्टी कमिटीको परिचालन र अन्तर विरोधहरुको हल गर्न संस्थागत निर्णयको संस्कृति निर्माण गर्न प्रस्ताव गरिएको छ । सचिवालय वा कमिटीको पूर्ण बैठकबाट संस्थागत निर्णय गर्ने पद्दतिले पार्टीभित्र देखिने अन्तरविरोध हल हुने विश्वास लिइएको छ । संस्थागत निर्णय कसरी लिने भन्नेबारे पनि लामै विकल्पहरु प्रस्ताव गरिएको छ ।

**प्रशिक्षित कार्यकर्ता**

पार्टीको विचारबाट प्रशिक्षित पंक्ति निर्माण गर्न स्थायी रुपमै चल्ने पार्टी स्कूलको प्रस्ताव गरिएको छ । पार्टीको सदस्यहरु र नवप्रवेशीलाई प्रशिक्षित गर्न तहगत रुपमा स्थायी स्कूलको योजना अगाडि बढाउने प्रस्ताव गरिएको छ । जसका लागि तहगत रुपमै पाठ्यक्रम तयार पार्ने र प्रशिक्षकहरु उत्पादन गरी परिचालनको प्रस्ताव अगाडि बढाइएको छ ।

**सरकार र जनप्रतिनिधिको परिचालन**

मिसन-०८४ को अभियान सफल पार्न एमालेले सरकारमा गएका मन्त्रीहरु र स्थानीय तहका जनप्रतिनिधिहरुको प्रभावकारी परिचालनको प्रस्ताव ल्याएको छ । संघमा आफ्नै पार्टी नेतृत्वको सरकारले गरेको कामको प्रचार गर्ने, मन्त्रीहरुलाई जनपक्षीय काम गर्न सहयोग गर्ने र जनप्रतिनिधिहरुलाई पनि प्रभावकारी परिचालनको प्रस्ताव गरिएको छ ।

**चुस्त कार्यालय, प्रभावकारी प्रचार**

पार्टी कार्यालय र पार्टी कामको प्रचारबारे अलगअलग शीर्षकमा व्यवस्थापनको कार्यक्रम प्रस्ताव गरिएको छ । पार्टी कार्यालय व्यवस्थापनबारे बुँदागत रुपमै सुझावहरु प्रस्तुत गरिएको छ ।

चुस्त कार्यालय हुँदा पार्टीले गरेको कामको प्रचारमा पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ । प्रचारबारे पनि व्यवस्थित हुने बुँदाहरु उल्लेख छ ।

**नयाँ कामको क्षेत्र खोजी**

धेरै भन्दा धेरै मानिससम्म पार्टीलाई पुर्याउने नयाँ कामको क्षेत्र खोजी गर्ने महासचिव पोखरेलको प्रस्ताव छ । जसका लागि एमालेले 'जहाँ नेपाली, त्यहाँ नेकपा (एमाले)' को नारा तय गरेको छ ।

**बलियो कोष, प्रभावकारी परिचालन**

पार्टी संगठन परिचालन अन्तर्गत कोषलाई बलियो बनाउने र प्रभावकारी तरिकाले परिचालन गरिनुपर्ने प्रस्ताव गरिएको छ । सदस्यहरुबाट उठ्ने लेबी र सम्भावित आय स्रोतका आधारमा खर्चको कार्यक्रम तयार पार्नुपर्ने सुझाव दिइएको छ । तर त्यस्तो नहुँदा कतिपय कमिटी ऋणमा डुबेको सन्दर्भ उल्लेख गरिएको छ ।

**सरल जीवन, उच्च नैतिकता**

जनताको विश्वास जित्नका निम्ति पार्टी नेता तथा कार्यकर्ताको जीवनशैली, आचरण र व्यवहार महत्वपूर्ण हुने उल्लेख छ । जसका निम्ति 'पार्टी जीवनको शुद्धीकरण' शीर्षकमा एमालेले सरल र नैतिक नेता-कार्यकर्ता बन्न/बनाउन लाग्नुपर्ने प्रस्ताव गरिएको छ ।

'जनताले उचित नठान्ने काम कारबाहीबाट हामीहरु जोगिनुपर्छ । आफूलाई अरु भन्दा विशेष ठान्ने र आफ्ना लागि विशेष व्यवस्थाको अपेक्षा गर्ने प्रवृत्ति देखा परेको छ', प्रस्तावमा भनिएको छ, 'आर्थिक आचरण र यौन आचरणमा कानुनी र नैतिक बन्धन तोड्न खोज्ने विकृति हुर्किंदै छन् ।' सरल जीवनशैलीलाई बढावा दिने र आर्थिक तथा यौन आचरणका विषयमा कारबाही गरिनुपर्ने प्रस्ताव छ ।

**प्राथमिकतामा जनहित**

१३ नम्बर बुँदामा एमालेले बोक्नुपर्ने एजेण्डाहरु राखिएका छन् । राजनीतिक क्रान्तिको नेतृत्व एमालेले गरेकाले अब सामाजिक-आर्थिक क्रान्तिको नेतृत्व गर्नेगरी अगाडि बढ्नुपर्ने प्रस्तावमा छ ।

'हिजो व्यवस्था परिवर्तनका निम्ति अनुकूल, व्यवस्थाविरोधी आन्दोलनमा नेतृत्वदायी र निर्णायक भूमिका निर्वाह गर्न सक्ने पार्टी चाहिन्थ्यो', प्रस्तावमा भनिएको छ, 'आज जनता र राष्ट्रको हित र कल्याणको पक्षमा खरो ढंगले उत्रिने पार्टी चाहिएको छ । जनसरोकारका काममा केन्द्रीत हुने, सबै प्रकारका विभेद र असमानताको अन्त्य र सामाजिक न्याय एवं समानताको पक्षमा निर्णायक योगदान गर्ने पार्टी चाहिएको छ ।' यो प्रस्तावमा सामाजिक न्यायका कार्यक्रम समेटिएका छन् ।

**प्राथमिकताका ५ क्षेत्र**

केन्द्रीय कमिटीको बैठकपछि पारित गर्नेगरी प्रस्ताव गरिएको पार्टी कार्यक्रमको मूल विषय भने १४ नम्बर बुँदामा उल्लेख छ । 'बलियो र निर्णायक राष्ट्रिय शक्तिको निर्माण' शीर्षकमा पार्टीले जोड दिनुपर्ने पाँच क्षेत्रबारे चर्चा गरिएको छ । जसमा नेतृत्व विकास योजना, स्थानीय तहसम्म जनसंगठन सुदृढीकरण र विस्तार, नयाँ पुस्तामा पार्टी काम, जनसम्बन्ध विस्तारको काम र प्रवासको पार्टी कामको विस्तार छन् ।

**कार्यालय भवनको निर्माण**

प्रस्तावको अन्त्यतिर केन्द्रीय कार्यालय भवन निर्माणको प्रस्ताव छ । हरेक सदस्यबाट १०० रुपैयाँ संकलन अभियान चलिरहेको र थप अभियानमार्फत आफ्नै केन्द्रीय कार्यालय भवन निर्माण गर्ने योजना ल्याइएको छ । यसबाहेक ७५ औं हिरक महोत्सवका बाँकी कामहरु पूरा गर्ने, पार्टी कामको नियमित रिपोर्टिङ लगायत प्रस्ताव पोलिटब्यूरो बैठकमा राखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्म बनाउने बोर्डको निर्णय उल्ट्याउँदै दिनेश डिसी



काठमाडौं/एक वर्षअघि चलचित्र विकास बोर्डले गरेको एउटा निर्णय विवादित बन्यो । बोर्ड आफैंले फिल्म बनाउने निर्णय गरेको थियो । र, यो निर्णयलाई तालुकवाला निकाय सञ्चार तथा सूचना मन्त्रालयले स्वीकृति दिएर बजेट समेत पास भइसकेको छ । फिल्म निर्माण गर्न ७५ लाख रुपैयाँ विनियोजन गरिएको छ । तर, फिल्म बनाउने बोर्डको निर्णयप्रति फिल्मकर्मीहरूले भने आपत्ति जनाइरहेका छन् ।

अब यो निर्णय नयाँ अध्यक्ष दिनेश डिसीले उल्ट्याउने भएका छन् । सोमबार अध्यक्ष पदको जिम्मेवारी सम्हाल्दै उनले बोर्डको काम फिल्म बनाउने नभएकाले त्यो निर्णय हटाउने घोषणा गरे । उनले भने, 'बोर्डको काम फिल्म बनाउने हैन । बजेटमा फिल्म बनाउने लेखिएको छ रे, त्यो तुरुन्त काटिन्छ । बोर्डको काम फिल्म बनाउनेहरूलाई सहयोग गर्ने हो । सही नीति दिएर व्यवस्थित गर्ने हो ।'

अध्यक्ष डिसीले सय दिनभित्र नयाँ ऐन पास हुने समेत ठोकुवा गरे । 'म सेन्सर सिफारिस दिनका लागि मात्र बोर्डमा आएको होइन । ढुक्क हुनुस्, अबको सय दिनभित्रमा नयाँ ऐन आइसक्नेछ । र, एउटा स्टुडियो मेरो कार्यकालमा बनिसक्छ । त्यसका लागि पैसाको व्यवस्था हामी गर्छौं । साथै, बोर्ड अध्यक्षको कार्यकाल ४ वर्षको हुने व्यवस्था पनि अबको सय दिनभित्रमा भइसक्छ,' डिसीले भने ।

बोर्डमा आफूले 'जीरो'बाट सुरु गर्ने उनको भनाई छ । र, कसैलाई सोधेर काम गर्न बोर्डमा नआएको उनी बताउँछन् । 'म जीरोबाट सुरु गर्न चाहन्छु । म बोर्डमा कसैलाई सोध्न र सोधेर काम गर्न आएको होइन भन्ने कुरामा विश्वस्त छु । म सोध्दिनँ, काम गरिरहन्छु,' उनले अगाडि भने, 'स्वदेशी फिल्मको हकहितमा काम गर्नका लागि म कहिले सीधा बाटो र कहिले चोर बाटोहरु म प्रयोग गर्नेछु ।'

उनले कर्मचारीबाट असहयोग भएको महसुस भए 'पावर लेस' गर्ने समेत चेतावनी दिए । अध्यक्ष डिसीले भने, 'मैले काम गर्ने क्रममा बोर्डका साथीहरूबाट असहयोग भए म उहाँलाई 'पावरलेस' गर्नेछु । र, बोर्डमा म एक रुपैयाँ तलमाथि गर्दिनँ । भ्रष्टाचार भएको वा कमिसनमा मुसिएको भन्ने थाहा भयो भने ३० मिनेटमा 'पावरलेस' गर्छु । र, प्रमाणित भए ५ मिनेट भित्रमा गेटबाट बाहिर पठाउँछु ।'

अध्यक्ष डिसीले अबको ४ वर्षमा एउटा फिल्मको निर्देशन गर्ने समेत जानकारी गराए । 'मैले चारवटा फिल्म सम्झौता गरिसकेको छु । तर, तीनवटा चाहिँ गर्दिनँ । अबको ४ वर्षमा एउटा फिल्म निर्देशन गर्छु,' उनले भने । पछिल्लो पटक उनले फिल्म 'फूलै फूलको मौसम तिमीलाई' निर्देशन गरेका थिए । डिसी एमालेका केन्द्रीय अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीसँग सीधा पहुँच राख्छन् ।

# पौराणिक एक्सनमा फिल्म 'डिएनए' बन्ने

काठमाडौं/चानस पुन मगर र मणि रत्न त्रिपाठीको संयुक्त निर्देशनमा फिल्म 'डिएनए' बन्ने भएको छ । मंगलबार एक थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको निर्माण घोषणा गरियो । पौराणिक एक्सन-थ्रिलर शैली फिल्म बन्नेछ । फिल्म पौराणिक कथाको 'मोर्डन एडप्टेसन'मा आधारित हुने र एक्सनका रोमाञ्चक दृश्यहरू प्रस्तुत गरिने निर्देशक मगरले बताए ।

फिल्म निर्माणको जिम्मेवारी फोनिक फिल्कले लिएको छ भने बड पिक्चर्स र अन्डर एक्सपोज सिनेमासँगको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ । फिल्मको छायाङ्कन आउँदो फागुनमा सुरु गर्ने योजनामा निर्माण टिम छ ।

पौराणिक कथा र एक्सन थ्रिलरको संयोजनले दर्शकहरूलाई रोमाञ्चक यात्रामा लैजाने अपेक्षा गरेको अर्का निर्देशक त्रिपाठीले बताए । फिल्ममा नयाँ र नौलो प्रयोग गरिने उनको दाबी छ । कलाकार तथा अन्य टिमको बारेमा भने जानकारी गराइएको छैन ।

# फेसबुकमा चलेको पूजा र समीक्षाको दोहोरी



काठमाडौं/अभिनेत्री पूजा शर्मा र गायिका समीक्षा अधिकारीबीचको सम्बन्ध 'जति बुझ्यो त्यति कठीन, झन्झन् बुझ्यो झन् कठिन' छ । अभिनेता पल शाहमाथि मुद्धा दायर भएपछि पूजाले समीक्षाको चरित्रमाथि नै प्रश्न उठाएकी थिइन् । त्यसबेला दुवैको सम्बन्ध वारपार थियो । तर, पल रिहा भइसकेर पनि भेट्न नआएपछि पूजाले समीक्षासँग घनिष्टता बढाइन् । दुवैले दिदी-बहिनी भन्दै थुप्रै टिकटक बनाए ।

जब पूजाले फिल्म 'रावायण'मा पलसँग काम गर्ने निश्चित भयो, त्यसपछि पूजा र समीक्षाको पानी बाराबार भयो । त्यसयता समीक्षाले फेसबुकमार्फत् पूजालाई लक्षित गरेर पटकपटक कटाक्ष गर्दै आइरहेकी छन् । मंगलबार भने उनीहरुबीच सामाजिक सञ्जालमा दह्रै दोहोरी चलेको छ । पूजाले हालै एउटा अन्तर्वार्तामा दिएको अभिव्यक्तिले उनीहरुबीच आरोप-प्रत्यारोपको जुहारी सुरु भएको हो ।

एक युट्युब च्यानलमा पूजाले पल मुछिएको प्रकरणको बारेमा टिप्पणी गरेकी थिइन् । त्यहाँ उनले पलको बचाउ गरेकी छन् । यही विषयलाई लिएर समीक्षाले फेसबुकमा स्टाटस लेख्दै कडा रुपमा टिप्पणी गरेकी छन् । उनले पूजालाई सबै कुरा नर्मल भइसकेको अवस्थामा फिल्म (रावायण) चलाउनका लागि आफूलाई बारम्बार प्रहार नगर्न चेतावनी दिँदै यसरी पीडा नदिन आग्रह गरेकी छन् ।

समीक्षाको स्टाटसपछि पूजाले पनि जवाफ फर्काएकी छन् । उनले फिल्म रिलिजअघि शत्रुहरू लागेको टिप्पणी गरेकी छन् । उनले समीक्षाले अन्तर्वार्ताको भिडियो सेअर गरेर नकारात्मक सन्देश दिन खोजेकोमा आपत्ति जनाएकी छन् । यो विषयमा बोल्न आफूले आवश्यक नठानेको भए पनि फिल्म आउनुभन्दा २/४ दिनअघि आफूप्रति टार्गेट गरिएकाले बाध्य भएर बोलेको पूजाको भनाई छ ।

पूजाले स्टाटसमा लेखेकी छन्, 'मिडियामा आएका मेरा सम्पूर्ण सामाग्रीहरू नितान्त प्रोफेशनल हुन् । योबाहेक मेरा र ती बहिनीको पनि आफ्नो व्यक्तिगत जीवन होला । त्यसमा न म कहिले बोलेँ र कहिले बोल्ने छु र सम्बन्धित सबैलाई पनि नबोल्न अनुरोध गर्दछु । मुभी आउनु अगाडि शत्रुहरू त लाग्छन् नै ।' पूजाले स्टाटसको कमेन्ट बक्स आफ्नो पक्षमा बोल्नेलाई मात्र खुल्ला छाडेकी छन् ।

# रवि जोडिएको सहकारी ठगी मुद्दामा प्रहरी अनुसन्धान तीव्र

काठमाडौं/पोखराको सूर्यदर्शन सहकारीको बचत रकम अपचलन प्रकरणमा प्रहरीले दोस्रो चरणको अनुसन्धानलाई तीव्रता दिएको छ । यसअघि रास्वपा सभापति रवि लामिछानेसहितका आरोपितसँग बयान लिएको प्रहरीले तुरुन्तै थप छानबिन अघि बढाएको हो । लामिछाने गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक थिए, जसले सहकारीमा खाता नै नखोली अवैधानिक रुपमा मिडिया हाउसमा पैसा लगेको पीडितहरुको उजुरी छ ।

पहिलो चरणमा अनुसन्धान सकिएर मुद्दा अदालत पुगिसकेको अवस्थामा गत १६ माघमा जिल्ला प्रहरी कार्यालयमा कास्कीमा पूरक जाहेरी परेको थियो । उक्त जाहेरीमा उपप्रधान तथा गृहमन्त्री समेत भइसकेका रास्वपा सभापति लामिछाने सहित १८ जनालाई प्रतिवादी बनाइएको थियो । सोही पूरक जाहेरीको अनुसन्धानलाई अहिले कास्की प्रहरीले तिव्रता दिएको हो ।

यो बीचमा सांसद लामिछानेका साथै रास्वपाका सहमहामन्त्री विपिन आचार्य, नेपाल प्रहरीका पूर्वडीआईजी छविलाल जोशी र माओवादी केन्द्रको भ्रातृ संगठन अखिल क्रान्तिकारीका महासचिव दीपेश पुनसँग जिल्ला प्रहरी कार्यालय कास्कीले बयान लिइसकेको छ ।

१० भदौमा लामिछानेको बयान लिएको प्रहरीले काठमाडौंकै एक सरकारी कार्यालयमा ८ भदौमा आचार्य, जोशी र पुनको बयान लिएको थियो । उता सहकारी ठगीबारे अनुसन्धान गर्न बनेको संसदीय विशेष समितिले ७ भदौमा लामिछानेसँग ९ घण्टा भन्दा लामो समय राखेर बयान लिएको थियो ।

प्रहरीसँगको बयानमा उपस्थित हुँदै लामिछानेले सहकारीको रकमबारे आफूलाई केही थाहा नभएको दाबी गरेका थिए । 'सहकारीको रकमबारे मलाई केही थाहा छैन । मलाई थाहै नदिई कसले मेरो नाममा के गर्‍यो त्यो थाहा हुने विषय पनि भएन', उनले प्रहरीसँग दाबी गरे, 'कम्पनीबाट अलग भइसकेकाले त्यहाँको आर्थिक कारोबारको पाटोमा म जानकारी छैन ।'

लामिछाने सहित आरोपितहरुसँग बयान लिन कास्कीबाट डीएसपी वसन्तकुमार शर्माको कमाण्डमा तीन जनाको छानबिन टोली काठमाडौं आएको थियो । काठमाडौं आएको उक्त प्रहरी टोलीले गोर्खा मिडिया नेटवर्कको कार्यालय, नेचर हर्ब्स र नेचर नेस्ट इन्टरनेशनलको कार्यालयमा समेत छापा मारेर खानतलासी गरेको थियो ।

'कार्यालयहरुमा सहकारी सम्बन्धी केही कागजाताहरु भेटिन्छ कि भनेर खानतलासी गरिए पनि कुनै महत्वपूर्ण कागजात भेटिएनन्' प्रहरी स्रोतले भन्यो । खानतलासी गरिसकेपछि प्रहरीले प्रतिवादी तथा आरोपितहरुको बयान कागज समेत गराएको थियो । 'मुद्दाका प्रतिवादी तथा आरोपितहरुलाई लागेको आरोपमा गरिने छानबिन अनुसार सोधपुछ गरेर कागज गराइएको हो', एक प्रहरी अधिकृतले भने, 'सामान्य रुपमा भन्दा अब यो मुद्दा प्रक्रियाको प्रस्थान विन्दु सुरु भयो भन्दा हुन्छ ।'

माघमै रवि, दीपेशसहित विभिन्न संस्था गरी १८ जनालाई प्रतिवादी बनाउँदै पूरक जाहेरी परे पनि यस विषयमा प्रहरीले तत्पर ताका साथ छानबिन गर्न सकेको थिएन । यसको मुख्य कारण आफ्नो अभियोगसँग स्वार्थ बाझिने तालुकदार गृहमन्त्रालयको चाबी उनै लामिछानेसँग थियो । गृहमन्त्रीबाट लामिछाने बाहिरिएसँगै अब प्रहरीलाई खुलेर अनुसन्धान गर्न सहज भएको छ ।

यद्यपि सहकारी ठगी प्रकरणमा मुछिनेमा लामिछानेमात्रै छैनन् । यसअघि पनि सहकारी ठगी प्रकरणमा समातिएर मुद्दा चलिसकेका दीपेश पुनलाई उच्च राजनीतिक कनेक्सन भएकै आधारमा प्रहरीले पुरक जाहेरीका आधारमा थप स्वतन्त्र छानबिन चलाउन सकेको थिएन । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल अध्यक्ष रहेको माओवादी केन्द्रका उच्च तहका कार्यकर्तामात्रै नभई उनी पूर्वउपराष्ट्रपति तथा प्रचण्डका दाहिने हात मानिने नन्दकिशोर पुनका छोरासमेत हुन् ।

उनी बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणको आरोपमा २ चैतमा पुन पक्राउ परेका थिए । रुपन्देही जिल्ला अदालतका न्यायाधीश श्रीप्रकाश उप्रेतीको इजलासले ४ लाख धरौटीमा रिहा गर्न आदेश दिएपछि १४ वैशाखमा धरौटी बुझाएर उनी रिहा भएका थिए । अहिले उनै पुनमाथि समेत कास्की प्रहरीले अनुसन्धान अघि बढाएको छ । कुनै समय पुन सूर्यदर्शन सहकारीको सचिवसमेत रहेको पाइएको प्रहरीले जनाएको छ ।

३१ असार २०७८ मा पुलेसो कर्जा मार्फत लामिछानेको नाममा सहकारीको १ करोड रकम निकासा गरिएको भेटिएको थियो । पछि उक्त ऋण फर्स्योट भएको पनि भेटिएको थियो, जबकि लामिछानेले भने आफ्नो कारोबार बारे आफैं अनभिज्ञ रहेको जिकिर गर्दै आएका छन् । सूर्यदर्शन सहकारीको ५ करोड ५८ लाख ९ हजार रुपैयाँभन्दा बढी रकम गोर्खा मिडियामा गएको अनुसन्धानबाट भेटिएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# त्रिवि क्रिकेट मैदानको बाउन्ड्री बढ्यो, फ्लडलाइट जडान कहिले ?

काठमाडौं/त्रिवि क्रिकेट मैदान, कीर्तिपुरको बाउन्ड्री बढ्ने भएको छ । गत जेठ पहिलो सातादेखि मैदान स्तरोन्नति चलिरहेको छ । त्यसक्रममा मैदानमा भएको तारको जाली सारिएको छ । 'ठाउँ अनुसार तारबार परिवर्तन गरेका छौं । केही ठाउँमा १० देखि २० फिटसम्मै सारिएको थियो', त्रिवि क्रिकेट मैदानका प्रमुख क्युरेटर मधु थोकरले भने, 'अब दुई-तीन यार्ड बाउन्ड्री बढ्नेछ ।'

चोभार र कीर्तिपुर साइडतर्फ बाउन्ड्री धेरै बढ्नेछ । किनभने त्यो क्षेत्रको तार दर्शक बस्ने ठाउँमै पुर्‍याइएको छ । त्रिवि क्रिकेट मैदानमा ८ वटा पिच छन् । तार सार्नुअघि सेन्टर विकेटबाट ७० र अन्यबाट ५५ मिटर बाउन्ड्री हुने गर्दथ्यो । अन्तर्राष्ट्रिय मैदानमा त्रिवि मैदान छोटो बाउन्ड्रीको रुपमा चिनिन्थ्यो । अब थोरै भए पनि बाउन्ड्री बढ्नेछ । 'हामीले ६ इन्च जति खनेर पिचमा माटो हालेका थियौं । घास रोप्न १५/२० दिन जति लाग्यो । त्यसपछि बाहिर नेटमा अभ्यास विकेट बनाउन हामीलाई दुई महिना जति लाग्यो', मधुले भने ।

बलरको रनअप गर्ने ठाउँ केही ओरालो थियो, यस पटक माटो हालेर सन्तुलन मिलाउने काम भइरहेको छ । गतवर्ष युएईबाट मूलपानी मैदान बनाउन ल्याएको दुबो बलरले रनअप गर्ने ठाउँमा रोपिएको छ । साइड स्क्रिन पनि सर्नेछ । अभ्यास नेटमा पिच निर्माण पनि भएको छ । माटोकै चार नयाँ नेटमा पिच बनेका छन् । डिजिटल स्कोर बोर्डको भवन निर्माण अन्तिम चरणमा पुगेको छ । त्यस्तै फ्यानका लागि चार क्षेत्र छुट्याइएको छ । दर्शक बस्ने ठाउँमा बीच बीचबाट तारको जाली लगाउँदै जोन छुट्याइएको हो ।

**फ्लडलाइटको छैन सुरसार**

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २०७९ चैतमा कीर्तिपुरमा फ्लड लाइट राख्न निर्देशन दिएका थिए । राष्ट्रिय खेदकुद परिषद् (राखेप)ले दुई पटक टेण्डर पनि आह्वान गर्‍यो, तर काम अगाडि बढेको छैन । ३१ असारमा केपी शर्मा ओली नेतृत्वको सरकारको पहिलो बैठकले ३०० दिनमा त्रिवि क्रिकेट मैदानमा प्याराफिट, फ्लडलाइट जडान लगायत आवश्यक संरचना बनाउने निर्णय गर्‍यो । तर अहिलेसम्म पनि काम सुरु भएको छैन ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*



# कांग्रेस मनहरीद्वारा सांस्कृति कार्यक्रमसँगै अग्रज महिला सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/हिन्दु महिलाको विशेष पर्व तीजको अवसरमा नेपाली कांग्रेस मनहरी गाउँपालिका समितिले अग्रज महिला सम्मानका साथ विशेष सांस्कृतिक कार्यक्रम गरेको छ ।

पार्टीले मंगलबार मनहरीमा संस्कृतिको प्रवर्द्धनका लागि मौलिक तीजगीत प्रस्तुति, खैंजडीभजन प्रदर्शनका साथै मनहरीका अग्रज महिलालाई सम्मान गरेको हो । कार्यक्रममा मनहरीको खैंजडीभजन टोलीले स्थानीय संस्कृतिको प्रवर्द्धन गर्ने उद्धेश्यले भजन प्रस्तुत गरेको थियो भने मौलिक तीजगीत गायन तथा नृत्य प्रस्तुत गरिएको थियो । नेपाली कांग्रेस मनहरीका सभापति प्रकाश बर्तौलाको अध्यक्षतामा भएको कार्यक्रममा अग्रज नेतृ तथा नेपाल महिला संघ तत्कालीन मनहरी गाविस सभापति कृष्णमाया कालाखेतीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा नेपाली कांग्रेस बागमती प्रदेशसभापति इन्द्रबहादुर बानियाँ विशिष्ट अतिथिको रुपमा रहेका थिए । कार्यक्रममा बोल्दै बानियाँले समाजको सर्वाङ्गीण विकासका लागि हरेक क्रियाकलापमा महिलाको सहभागिता अपरिहार्य हुने धारणा व्यक्त गरे । जनताको समानता र समावेशी शासनको लागि कांग्रेसले राणा शासन, पञ्चायत र राजा फालेको स्मरण गर्दै बानियाँले नयाँ संविधानमार्फत महिलाको अधिकार थप सशक्त गरेको बताए ।

कार्यक्रमकैबीच पार्टीले नेपाल महिला संघ मनहरी गाविसकी संस्थापक सभापति कालाखेतीसहित कृष्णकुमारी मैनाली, सान्नानी मैनाली, कान्छीमाया थिङ, गोमा गिरी, माइलीमाया लामा, कान्छीमाया घलान, बलकुमारी उप्रेती, राधादेवी पाठक, नारायणी थापा, शेषकुमारी अधिकारी, विष्णुमाया ब्लोन, मैयाँ सुनार, माइली दर्जी, फूलमति न्यौपाने, गोपाल मुक्तान, ठूलीमाया मुक्तान, सूर्यकुमारी लामालगायत २५ जना अग्रज महिलालाई सम्मान गरेको हो ।

कार्यक्रममा कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, पार्टी प्रदेशसदस्य एवम् पूर्वराज्यमन्त्री सन्तबहादुर चेपाङ, बागमती प्रदेशसदस्य जानकी लामा, बागमती प्रदेशसदस्य जानुकी लामा, सहसचिव ईन्दिरा न्यौपाने, क्षेत्र नम्बर २ क का सभापति रञ्जन कालाखेती, जिल्ला सदस्य अञ्जना उपाध्याय, कांग्रेस बागमती प्रदेश महिला विभाग सदस्य कमला मैनाली, मनहरी-७ की वडासदस्य राधादेवी पाठकलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमकैबीच राप्रपा मनहरी-५ का उपाध्यक्ष भवनाथ पण्डित (सीताराम) ले पार्टी परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।

# क्षतिपूर्ति दिलाउने सरकारको निर्णयप्रति सांसद कंसाकारको धन्यवाद

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/हेटौंडा घर भएकी प्रतिनिधिसभा सदस्य विन्दबासिनी कंसाकारले तेजाव आक्रमणको दशक पछि अदालतको फैसलाबमोजिम क्षतिपूर्ति रकम उपलब्ध गराउने निर्णयप्रति सरकारलाई धन्यवाद दिएकी छन् ।

मंगलबार प्रतिनिधि सभाको बैठकको शुन्य समयमा तेजाव आक्रमणबाट ज्यान मार्ने उद्योग मुद्दाको पीडित सांसद कंसाकारले लामो समयपछि सरकारले उपचारमा खर्च भएको रकममध्ये फैसलाबमोजिम मनासिव माफिक क्षतिपूर्ति रकम उपलब्ध गराउने निर्णय गरेको भन्दै धन्यवाद दिइन् ।

त्यस्तै, उनले अपराध भोगेर पाइने शारीरिक, सामाजिक र मानसिक पीडाका साथै समयमा नै न्याय नपाउँदा हुने पीडा झनै कष्टकर हुने भएकाले अदालतले गरेको आदेश/फैसला बमोजिम चाँडो क्षतिपूर्ति पाउने व्यवस्था गर्न सरकारको ध्यानकर्षण गराइन् ।

केही दिनअघि बसेको मन्त्रिपरिषद् बैठकले तेजाव आक्रमण पीडित सांसद कंसाकारको उपचारमा खर्च भएको रकममध्ये फैसलाबमोजिम मनासिव माफिक क्षतिपूर्ति रकम उपलब्ध गराउने र क्षतिपूर्ति रकम प्रतिवादीबाट असुलउपर गरी पीडित राहतकोषमा सोधभर्ना गर्ने व्यवस्था मिलाउने निर्णय गरेको थियो ।

# मकवानपुरगढीमा सहकारीसम्बन्धी अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ मकवानपुरगढी गाउँपालिका-१ मा सोमबार सहकारीसँग सम्बन्धित विषयमा बृहत छलफल गरिएको छ । वडा कार्यालयको आयोजना वडाध्यक्ष आइतसिं लोको सभाध्यक्षतामा अन्तरक्रिया कार्यक्रम गरिएको हो ।

वडा १ मा रहेका सहकारीलाई सक्रिय र सशक्त रुपमा अघि बढाउने उद्देश्यकासाथ अन्तरक्रिया आयोजना गरिएको वडाध्यक्ष लोले बताए । कार्यक्रममा गाउँपालिकाका सामाजिक विकास, विपद् तथा सहकारी शाखाप्रमुख सूर्यबहादुर गुरुङले सहकारीका नीति, नियम र पछिल्लो परिमार्जित सहकारी ऐनका विषयबारे सहजीकरण गरेका थिए । उनले सहकारीभित्र रहेका विकृति विसंगतीलाई अन्त्य गर्दै सहकारीप्रति घातगर्नेलाई कानुनी दायरामा ल्याएर कारवाही गर्न मिल्ने विषयमा समेत जानकारी गराएका थिए ।

त्यस्तै, अन्तरक्रिया कार्यक्रममा जनहित स्वावलम्बन साकोसका अध्यक्ष तथा सञ्चारकर्मी श्रीराम अर्जुनले सहकारी सञ्चालनका साथै पछिल्लो सहकारी क्षेत्रको विषयमा आफ्नो अनुभव साटेका थिए । उनले सहकारीमा नेतृत्वको महत्वपूर्ण भूमिका रहनुका साथै कर्मचारीको लगनशीलता र मेहेनतले सहकारीलाई सहजरुपमा सञ्चालन गर्न सकिने बताए । अन्तरक्रियामा बचत र ऋण, नगद मौज्दात, बैंक मौज्दात, भाका नाघेको ऋण, कोपोमिस सफ्टवेयरबारे, साधारणसभा, लेखापरीक्षण र अन्य सहकारीसँगको सहकार्यका विषयमा जानकारी गराएका थिए ।

कार्यक्रममा कार्यपालिका सदस्य फूलमाया टुप्पा, वडा सदस्यद्धय सोमलाल ब्लोन र सुन्तली विश्वकर्मा लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा सहकारीका अध्यक्ष तथा वडा १ मा रहेका टोल विकास संस्थाका अध्यक्षहरु, हिमशिखर सामूदायिक वन उपभोक्ता समूहका अध्यक्ष राम भोम्जनलगायत सहकारीका सदस्यको सहभागिता रहेको थियो ।

# 'नारीहरु आत्मनिर्भर र स्वावलम्बी बन्न आवश्यक छ'



साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ बागमती प्रदेश सरकारकी सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीले नारीहरु आत्मनिर्भर तथा स्वावलम्बी बन्न आवश्यक रहेको बताएकी छिन् ।

राज्यव्यवस्था परिवर्तनमा विगतदेखि नै नारीको महत्वपूर्ण भूमिका रहेको उनले स्मरण गराइन् । बेथानचोक गाउँपालिकाले आयोजना गरेको तीज विशेष कार्यक्रममा बोल्दै मन्त्री खड्गीले राणा शासश, निरंकुशताविरुद्धमा महिलाको आन्दोलन सशक्त र प्रभावशाली बनेको बताइन् । प्रजातन्त्र र लोकतन्त्र ल्याउन लडेका नारीले अबको लडाई आर्थिक क्रान्तिका लागि लड्न आवश्यक भएको उनको भनाई छ ।

नारीलाई देशहाक्न सक्षम रहेकाले अझै पनि कतिपय महिलालाई घरभित्रै सीमित गरिएकोमा उनले दुःख व्यक्त गरिन् । घरभित्रै सीमित रहँदा उनीहरुको क्षमता र प्रतिभा उजागर हुन नसकेको उनको गुनासो रहेको छ । मन्त्री खड्गीले महिलाहरुलाई लक्षित गरेर गाउँपालिकाले ठोस योजनासहित आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणमा ल्याउनु पर्ने बताइन् । विभिन्न क्षेत्रमा लगानी गरेर स्थानीय तहले महिलाहरुको क्षमता अभिवृद्धि र विकासमा काम गर्नुपर्ने उनको भनाई छ ।

'विगतमा हामीले संविधानमा महिला हकअधिकार सुनिश्चित गर्न लड्यौं । त्यसैको परिणामस्वरुप महिलाले मुलुकका विभिन्न तह र तप्कामा कुशलता पूर्वक नेतृत्व गरिरहेको छन् । अझै केही व्यवस्था फेर्न बाँकी नै छ,' उनले भनिन् । मन्त्री खड्गीले तीजको धार्मिक सांस्कृतिक र सामाजिक मूल्यमान्यतामा रहेर मनाउन आग्रह गरिन् । विकाससँगै विकृतिका पाटाहरुले नेपाली चाडपर्वलाई प्रभावित बनाएको उनको भनाई छ । उनले तीजको धार्मिक, सांस्कृतिक महत्वलाई संरक्षण र संवर्द्धन गर्न आग्रह गरिन् ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य कञ्चनचन्द्र बादेले महिला सशक्तीकरणको पाटोमा जिम्मेवार हुनसके मात्र समुन्नत समाज निर्माण हुने बताए । उनले जुन घरमा नारीको सम्मान हुन्छ त्यो घरमा सुख र शान्ति छाउने बताए । गाउँपालिका अध्यक्ष भगवान अधिकारीले नारीशक्तिले नेतृत्व गर्ने समय आएको बताए । उनले नेतृत्वका लागि तयार रहन आग्रह गरे । चुल्होचौकोको परिधि नाघेर सशक्तीकरणको नेतृत्व लिनुपर्ने उनको भनाई छ ।

# राक्सिराङमा न्वागी पर्वको अवसरमा दुई दिन विदा

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ मकवानपुरको राक्सिराङ गाउँपालिकाले चेपाङ समुदायको महत्वपूर्ण चाड (न्वागी) को अवसरमा दुईदिन सार्वजनिक विदा दिएको छ ।

मंगलबार एक सूचना जारी गर्दै गाउँपालिका अध्यक्ष राजकुमार मल्लले पालिकाले न्वागीको अवसरमा आगामी शुक्रबार र शनिबार दुईदिन सार्वजनिक विदा दिएको बताए ।




पर्वको दिन गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सरकारी कार्यालय एवम् शिक्षण संस्था बन्द हुने भएको छ । राक्सिराङमा अतिसीमान्तकृत जाति मानिने चेपाङ समुदायको बाहुल्यता छ । पालिकाभर बसोबास गर्ने जनसंख्यामध्ये करिब ४४ प्रतिशत चेपाङ जाति रहेका छन् । अध्यक्ष मल्लले चेपाङ समुदायको यस पर्व हर्षोल्लासका साथ न्यागी मनाउन शुभकामना दिएका छन् ।

# बागमती सरकारले संविधान दिवस मनाउने

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ बागमती प्रदेश सरकारले विविध कार्यक्रमको आयोजना गरी संविधान दिवस मनाउने भएको छ । प्रदेश सरकारले असोज १ गतेदेखि ४ गतेसम्म गरी चारदिन विविध कार्यक्रमको आयोजना गरी संविधान दिवस मनाउने भएको आन्तरिक मामिला तथा कानूनमन्त्री एवम् सरकारका प्रवक्ता सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

संविधान दिवसको अवसरमा सरकारको सामाजिक विकास मन्त्रालयले असोज १ गते 'संविधान कार्यान्वयनका नौ वर्ष: उपलब्धि र चुनौती' विषयक क्याम्पसस्तरीय निबन्ध प्रतियोगिता आयोजना गर्ने भएको छ ।

यस्तै, दिवसको अवसरमा असोज १ गते नै प्रदेशको वन तथा वातावरण मन्त्रालयले उपयुक्त स्थान पहिचान गरी वृक्षरोपणको आयोजना गर्ने सरकारका प्रवक्ता लामिछानेले बताए । यस्तै, असोज २ गते प्रदेशको स्वास्थ्य मन्त्रालयले सार्वजनिक स्थानमा रक्तदान कार्यक्रमको आयोजना गर्ने भएको छ भने युवा तथा खेलकुद मन्त्रालय र खेलकुद परिषद्ले खेलकुद कार्यक्रमको आयोजना गर्ने प्रवक्ता लामिछाने बताए ।

त्यस्तै, असोज ३ गते संविधान दिवसको अवसरमा सम्बन्धित मन्त्रालय, कार्यालय परिसर सरसफाई गर्नुका साथै हेटौंडा उपमहानगर क्षेत्रमा सरसफाइ कार्यक्रमको आयोजना गर्ने जनाइएको छ । कार्यक्रमको हेटौंडा उपमहानगपालिकाले व्यवस्थापन गर्ने प्रवक्ता लामिछानेले बताए । यसैगरी, असोज ३ गते नै बिहान ७:०० बजे हेटौंडाको भुटनदेवी माविको चौरमा भेला भई स्कूलरोड-बुद्धचोक-चौकीटोल-मानसचोक हुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रांगणसम्म विविधता झल्कने गरी झाँकी र ब्याण्डबाजासहितको प्रभातफेरी कार्यक्रमको आयोजना गर्ने कार्यसूची रहेको छ ।



प्रदेश सरकारले असोज २, ३ र ४ गते प्रदेशका मन्त्रालय तथा अन्य कार्यालय र सार्वजनिक स्थानमा दीप प्रज्वलन गर्ने, तीनै दिन सार्वजनिक निकाय र सार्वजनिक स्थलको हकमा राष्ट्रिय झण्डा फहराउने कार्यक्रम तय गरिएको उनको भनाई छ । साथै तीनै दिन सबै मन्त्रालय/निकायले आ-आफ्नो वेवसाइटको होमपेजमा 'संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ भव्य रुपले मनाऔं' सम्बन्धी पपअप आउने व्यवस्था मिलाउने जनाइएको छ । संविधान दिवस मनाउनको लागि मुख्यमन्त्री बहादुरसिं लामाको नेतृत्वमा ४३ सदस्यीय 'संविधान दिवस तथा राष्ट्रिय दिवस मूल समारोह समिति २०८१' गठन गरिएको प्रवक्ता लामिछानेले बताए ।

सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पऱ्यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
Singhababini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

नारायणी यातायात व्यवसायी संघको अत्यन्त जरुरी सूचना !

(मिति २०८१/०५/१७ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा समेत प्रकाशित भईसकेको)

यातायात क्षेत्रसंग सम्बन्धित संघ, संस्थाहरुको दर्ता तथा नवीकरण नगर्ने भनि नेपाल सरकार, मन्त्री परिषद्ले मिति २०७५/०१/०४ गते निर्णय गरेपश्चात यस संघको नियमित रुपमा हुनुपर्ने अधिवेसन अवरुद्ध भई आएकोमा सोही मन्त्री परिषद्को निर्णयका विरुद्धमा यस संघ समेत सदस्य रहेको नेपाल ट्रक यातायात व्यवसायी महासंघले सम्मानित सर्बोच्च अदालतमा रिट दायर गरेकोमा मिति २०८०/१२/२० गते रिट जारी हुने भनि फैसला गरेको हुदा निकट भविष्यमा नै यस संघको ३६ औं वार्षिक साधारण सभा र १६ औं अधिवेसन हुन गईरहेको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै, यस संघका सदस्य महानुभावहरुले संघको विधान मुताविक २०८१ असोज मसान्तभित्रमा आफ्नो सदस्यता नविकरण गरी मतदाता परिचयपत्र लिनुहुन समेत यस संघको मिति २०८१/०५/०९ गतेको कार्यसमितिको निर्णय बमोजिम जानकारी गराईन्छ ।

सरोज कुमार खनाल
(महासचिव)
नारायणी यातायात व्यवसायी संघ
मुख्य कार्यालय, हेटौंडा, फोन नं. ०५७-५२०६७०




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना